प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहको प्रथम वर्ष, दोस्रो वर्ष र प्रथम वर्ष दोस्रो खण्डका नियमित तथा आंशिक परीक्षा २०७९ को परीक्षा तालिका सम्बन्धी अत्यन्त जरुरी सूचना

**(मिति २०७९।१०।१० गते प्रकाशित)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०७९।०७।२० गते र मिति २०७९।१०।०९ गते प्रकाशित परीक्षा आवेदन फाराम भर्ने बारेको सूचना अनुसार सम्पूर्ण शिक्षालयहरूका प्रमाणपत्र तह नर्सिङ, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, आयुर्वेद सामान्य चिकित्सा, अकुपन्चर, डेन्टल साइन्स (डेन्टल हाइजिन), अप्थाल्मिक साइन्स, कृषि (बाली विज्ञान र पशु विज्ञान), फार्मेसी, फिजियोथेरापी, योग एन्ड नेचुरोपेथी, फरेस्ट्री, डेन्टल कन्भर्जन कार्यक्रमहरूको प्रथम र दोस्रो वर्षको नियमित तथा आंशिक एवं डिप्लोमा इन इन्जिनियरिङ तर्फका कार्यक्रमहरू, होटल म्यानेजमेन्ट, फुड एन्ड डेरी टेक्नोलोजी, सोसियल वर्क्स, इन्टरप्रेनरसिप डेभलपमेन्ट र कृषि (बाली विज्ञान र पशु विज्ञान) प्रथम वर्ष दोस्रो खण्डको नियमित र आंशिक परीक्षाहरू मिति २०७९।११।११ गते बिहान ७:०० बजेदेखि सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम (दलित, मुस्लिम, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित) अन्तर्गत वार्षिक परीक्षा प्रणालीका सामान्य चिकित्सा, नर्सिङ, फिजियोथेरापी, फार्मेसी, कृषि (बाली विज्ञान र पशु विज्ञान) र फरेस्ट्री कार्यक्रमहरूको प्रथम र दोस्रो वर्षको नियमित तथा आंशिक एवं डिप्लोमा इन सिभिल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ (स्पेसलाइजेसन इन हाइड्रोपावर), अटोमोबाइल इन्जिनियरिङ, जियोमेटिक्स इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, रेफ्रिजेरेसन एन्ड एयरकन्डिसनिङ, इन्फर्मेसन टेक्नोलोजी, फुड एन्ड डेरी टेक्नोलोजी, होटल म्यानेजमेन्ट, इन्टरप्रेनरसिप डेभलपमेन्ट तथा कृषि (बाली विज्ञान र पशु विज्ञान) कार्यक्रमको प्रथम वर्ष दोस्रो खण्डको नियमित तथा आंशिक परीक्षाहरू समेत सोही तालिकामा उल्लेखित मिति र समयमा सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै डिप्लोमा इन बायोमेडिकल इक्युप्मेन्ट इन्जिनियरिङ कार्यक्रम दोस्रो वर्ष प्रथम खण्डको नियमित/आंशिकको परीक्षा तालिका समेत प्रकाशित गरिएको छ।

**विस्तृत परीक्षा तालिका www.ctevtexam.org.np मा प्रकाशित गरिएको छ।**

**परीक्षा नियन्त्रक**